## सूचना-२

निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०५८ को दफा ७ बमोजिम "इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल" राजनीतिक दललाई निर्वाचन आयोगमा दर्ता गरिदिने गरी मिति २०७३।०८।०८ मा निर्णय गरेकोले सोही दफाको उपदफा (५) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

खण्ड ६३, अतिरिक्ताङ्क २६क., मिति २०७०।०९।१९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित निर्वाचन आयोगको सूचना-२ को क्रमसङ्ख्या २९ मा उल्लिखित नेपाली कांग्रेस राजनीतिक दलको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत संविधानसभामा निर्वाचित "सुजता परियार" को नाम सच्याई "सुजाता परियार" कायम गरिएको छ।

## सूचना ४

निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सिलसिलामा संवत् २०७३ असोज मसान्तसम्म मतदाता नामावलीमा नाम दर्ता भई १८ वर्ष उमेर पूरा भएका मतदाताहरूको नामावलीलाई अद्यावधिक गर्ने र मतदाता नामावली सङ्कलन समेत गर्ने गरी द्वितीय चरणमा मिति २०७३।९।१ देखि पाँचथर, इलाम, झापा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुङ्गा, उदयपुर, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन,



१५०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, लमजुङ, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, म्याग्दी, नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया, सल्यान, दैलेख, सुर्खेत, डोटी, अछाम, कैलाली, बैतडी, डडेल्धुरा र कञ्चनपुर गरी जम्मा ५४ जिल्लाका सम्पूर्ण गाउँ विकास समिति/नगरपालिकाका वडाहरूमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने मिति, स्थान र कार्य सञ्चालन हुने दिन समेत तोकी मिति २०७३।१०।१५ सम्ममा कार्यकम सम्पक  हुने गरी क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूले कार्यक्रम निर्धारण गरी सञ्चालन गर्ने भएकोले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
गोपीनाथ मैनाली
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५ ।-
गो.हु.द.नं. १६।२०६२।६३

९४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।